**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ जून २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रिय लोकतान्त्रिक गठबन्धन-छक। ले प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो नेताको रूपमा चयन गर्ने प्रस्ताव पारित गऱ्यो।

२. विश्वव्यापी नेताहरूले प्रधानमन्त्री नरेन्द्र मोदी र उनको पार्टीलाई लोकसभा चुनावमा लगातार तेस्रो जित हासिल गरेकोमा बधाई दिएका छन्।

३. राष्ट्रपति द्रौपदी मुर्मुले १७ औं लोकसभा भंग गर्नु भयो। नयाँ सरकार गठन नभएसम्म प्रधानमन्त्री र मन्त्रिपरिषद्‌लाई पदमा बस्न आग्रह गर्नु भयो।

४. दिल्ली अदालतले कथित रक्सी नीति घोटाला मुद्दामा मुख्यमन्त्री अरविन्द केजरीवाललाई अन्तरिम जमानत दिन अस्वीकार गरेको छ।

५. भारतीय फुटबल स्टार सुनिल क्षेत्रीले आज कोलकाताको साल्ट लेक स्टेडियममा कुवेत विरुद्ध फिफा विश्वकप २०२६ को छनोट खेलमा अन्तिम पटक राष्ट्रिय टोलीको नेतृत्व गर्नेछन्।

**<u>NDA का नेता</u>**

राष्ट्रिय लोकतान्त्रिक गठबन्धन - NDA का नेताहरूले हिजो सर्वसम्मतिले प्रधानमन्त्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीलाई आफ्नो नेता चयन गरेका छन्। नयाँ दिल्लीमा भएको एनडीए नेताहरुको बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको एनडीए सरकारमा भारतले विगत १० वर्षमा हरेक क्षेत्रमा चौतर्फी विकास गरेको भन्दै प्रस्ताव पारित गरेको हो ।

****** ० ******

**<u>१७ औं लोकसभा भंग</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले १७ औं लोकसभा भंग गर्नु भएको छ। हिजो दिउँसो बसेको केन्द्रीय मन्त्रिपरिषद्‌को बैठकले राष्ट्रपतिलाई १७ औं लोकसभा तत्कालै विघटन गर्न सुझाव दिएको थियो।यस अघि प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुलाई भेटेर केन्द्रीय मन्त्रिपरिषदबाट राजीनामा बुझाउनु भएको थियो। राष्ट्रपतिले स्वीकार गरिसक्नु भएको थियो । उहाँले नयाँ सरकार नबनेसम्म प्रधानमन्त्री र मन्त्रिपरिषद्‌लाई पदमा बस्न आग्रह गर्नु भयो। प्रधानमन्त्रीले हिजो उप राष्ट्रपति जगदीप धनखरसँग पनि भेट गर्नु भयो।

****** ० ******

**<u>क्याबिनेट डिनर</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले हिजो राष्ट्रपति भवनमा निवर्तमान मन्त्रि परिषद्‌का लागि विदाई रात्रि भोजको आयोजना गर्नुभएको थियो। रात्रि भोजमा प्रधानमन्त्री नरेन्द्र मोदी र राजनाथ सिंह, अमित शाहए, निर्मला सीतारमण, नितिन गडकरीलगायत अन्य मन्त्रीहरू सहभागी थिए। यसअघि प्रधानमन्त्री मोदीले मन्त्रिपरिषद्‌सँगै राष्ट्रपति मुर्मुलाई राजीनामा बुझाएका थिए।

****** ० ******

## प्रधानमन्त्री नरेन्द्र मोदी बधाई

लोकसभा चुनावमा लगातार तेस्रो जित हासिल गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदी र उनको पार्टीलाई विश्वव्यापी नेताहरूले बधाई दिएका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले यस ऐतिहासिक चुनावमा प्रधानमन्त्री मोदीए राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन र झण्डै ६५ करोड मतदातालाई विजयी भएकोमा बधाई दिनु भएको छ। प्रधानमन्त्री मोदीलाई बधाई दिँदै अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सामाजिक सञ्जालमा भन्नु भयो, अमेरिका भारत सरकारसँगको साझेदारीलाई अगाडि बढाउन तत्पर छ र आफ्नो मतदानको अधिकार प्रयोग गर्ने अनुमानित ६५ करोड मतदाताको प्रशंसा गर्दछ।युनाइटेड किंगडमका प्रधानमन्त्री ऋषि सुनकले प्रधानमन्त्री मोदीलाई चुनाव जितेकोमा बधाई दिन फोन गर्नु भयो। एक सामाजिक सञ्जाल पोष्टमाए श्री सुनकले भन्नु भयोए युनाइटेड किंगडम र भारत सबैभन्दा नजिकको मित्रता साझा गर्दछ र सँगै त्यो मित्रता फस्टाउँदै जानेछ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि मोदीलाई बधाई दिनु भएको छ। श्री पुटिनले भन्नु भयोए मतदानको नतिजाले फेरि श्री मोदीको व्यक्तिगत उच्च राजनीतिक अधिकारए भारतको द्रुत सामाजिक-आर्थिक विकासको लागि समर्थन र विश्व मंचमा यसको हितको संरक्षणको पुष्टि गरेको छ। संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानले भारतलाई थप प्रगति र विकासको दिशामा लैजान श्री मोदीको सफलताको कामना गर्नु बह्येको छ। सामाजिक सञ्जाल पोष्टमा उनले दुई देशबीच गहिरो जरा गाडिएको रणनीतिक साझेदारी रहेको र राष्ट्र र जनताको साझा विकास लक्ष्यलाई अगाडि बढाउने उद्देश्यले निरन्तर सहयोगको अपेक्षा गरेको बताउनु भयो।
गणतन्त्र कोरियाका राष्ट्रपति युन सुक येओलले सामाजिक सञ्जाल पोस्टमा भन्नु भयो, परिणामले श्री मोदीको उत्कृष्ट नेतृत्वमा भारतको अटल विश्वास देखाउँछ। उहाँले कोरिया-भारत विशेष रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउन श्री मोदीसँग मिलेर काम गर्ने अपेक्षा गर्नु भयो। युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिशेलले भन्नु भयोए युरोपेली संघ भारतसँग रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउनको लागि तत्पर छ। रि यस अघि इटाली, मरिससए,भुटानए नेपाल ,ल्दिभ्स, श्रीलंका, कोमोरोस, लिथुआनिया, केन्या, चेक पब्लिक, सर्बिया, नाइजेरिया, स्पेन, इरानए,युक्रेन, मलेसियालगायतका विश्वका नेताहरूले प्रधानमन्त्रीको जितमा बधाई दिएका थिए। यसैबीच प्रधानमन्त्रीले शुभकामनाका लागि सबै नेताहरूलाई धन्यवाद दिँदै साझेदारीलाई अझ प्रगाढ बनाउन मिलेर काम गर्न तत्पर हुनुहुन्छ।

****** ० ******

## १८ औं लोकसभा

१८ औं लोकसभाका सदस्यहरूलाई स्वागत गर्न लोकसभा सचिवालय तयार छ। एक विज्ञप्तिमा सचिवालयले सदस्यहरूलाई स्वागत गर्न र उनीहरूको सहज दर्ता सुनिश्चित गर्न विभिन्न कदमहरू चालिएको जनाएको छ।

****** ० ******

## इण्डिया गठबन्धनको बैठक

केन्द्रमा सरकार बनाउने रणनीति तय गर्न इण्डिया गठबन्धन नेताहरूको हिजो नयाँ दिल्लीमा बैठक बसेको छ। बैठक कांग्रेस सभापति मल्लिकार्जुन खर्गेको सरकारी निवासमा भएको हो। बैठकमा श्री खर्गेले जनादेश प्रधानमन्त्री नरेन्द्र मोदीको विरुद्धमा गएको बताउनु भयो। यो मोदीको ठूलो राजनीतिक हार र नैतिक पराजय भएको उहाँले बताउनु भयो। श्री खर्गेले भन्नु भयो भारत गठबन्धनले संविधानको प्रस्तावनामा निहित मूल्यमान्यताप्रति प्रतिबद्ध सबै दलहरूलाई स्वागत गर्दछ।सभामा कांग्रेस नेता सोनिया गान्धीए राहुल गान्धी र प्रियंका गान्धीए समाजवादी पार्टीका प्रमुख अखिलेश यादवए राष्ट्रिय जनता दलका तेजस्वी यादवए मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता सीताराम येचुरीए भारतीय कम्युनिस्ट पार्टीका नेता डी राजाए राष्ट्रवादी कांग्रेस पार्टीका प्रमुख शरद पवारए द्रमुक प्रमुख एम.के. स्टालिनए आम आदमी पार्टीका सञ्जय सिंहए झारखण्ड मुक्ति मोर्चाका कल्पना सोरेन र झारखण्डका मुख्यमन्त्री चम्पाई सोरेन सहभागी थिए।

****** ० ******

## अरविन्द केजरीवाल

दिल्लीको एक अदालतले कथित मदिरा नीति घोटालामा मुख्यमन्त्री अरविन्द केजरीवाललाई अन्तरिम जमानत दिन अस्वीकार गरेको छ। राउज एभिन्यू अदालतका विशेष न्यायाधीश कावेरी बावेजाले स्वास्थ्य परीक्षणका आधारमा सात दिनको

अन्तरिम धरौटी माग गर्दै निवेदन खारेज गरेका छन् ।अदालतले तिहाड जेल अधिकारीहरूलाई श्री केजरीवालको न्यायिक हिरासतमा उनको स्वास्थ्य आवश्यकताको पूर्ण ख्याल गर्न निर्देशन दिएको छ। उहाँको नियमित जमानत याचिकामा शुक्रबार सुनुवाइ हुने भएको छ ।

****** ० ******

**ओडिशा विधानसभा**

ओडिशा विधानसभा चुनावमा भारतीय जनता पार्टीले शानदार जित हासिल गरेको छ । यससँगै राज्यमा २४ वर्षभन्दा लामो समयदेखि बिजु जनता दलको नेतृत्वमा रहेको नवीन पटनायकको शासनको अन्त्य भएको छ । ओडिशा विधान सभामा भाजपाले १४७ सिटमध्ये ७८ सिट जितेको छ । बिजु जनता दलले जम्मा ५१ सिट ल्याएको छ जुन सदनमा बहुमत प्राप्त गर्न आवश्यक ७४ सिटभन्दा निकै कम हो।

****** ० ******

**आन्ध्र प्रदेश**

आन्ध्र प्रदेशका गभर्नरले हिजो पन्ध्रौं राज्य विधानसभा भंग गर्नु भएको छ। ल्ैण्त्  नयाँ सरकार गठन नभएसम्म जगनमोहन रेड्डी कार्यवाहक मुख्यमन्त्री रहनेछन्।

****** ० ******

**हरियाणा विधान सभा**

हरियाणा विधान सभाका अध्यक्ष ज्ञान चन्द गुप्ताले हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनीलाई आज बिहान ११ बजे विधान सभा सचिवालयमा पद तथा गोपनियताको सपथ गराउनु हुनेछ। सैनी कर्णाल विधानसभा उप निर्वाचनमा विजयी भएका थिए । उहाँले आफ्ना प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार तरलोचन सिंहलाई ४१ हजार ५४० मत अन्तरले पराजित गर्नु भएको छ। उहाँले कुल ९५ हजार ४ मत प्राप्त गर्नु भएको थियो ।

****** ० ******

**देवेन्द्र फडणवीस**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा महाराष्ट्रका उप मुख्यमन्त्री देवेन्द्र फडणवीसले राज्यमा पार्टीको असन्तुष्ट प्रदर्शनको जिम्मेवारी लिएर उप मुख्यमन्त्री पदबाट राजीनामा दिने प्रस्ताव गरेका छन्। उहाँले राजिनामा दिएपछि आगामी प्रदेशसभा निर्वाचनको प्रचा रप्रसारमा लाग्ने बताउनु भयो ।

****** ० ******

**मौसम**

मौसम विभागले आगामी सात दिनसम्म उत्तर-पूर्वीए  पश्चिम बंगाल र सिक्किमको तराई क्षेत्रमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाएको छ। आगामी तीन चार दिनमा जम्मू-कश्मीर-लद्दाख-गिलगिट-बाल्टिस्तान-मुजफ्फराबादए  हिमाचल प्रदेश र उत्तराखण्डमा पनि यस्तै अवस्था आउने सम्भावना छ। पञ्जाबए  हरियाणा–चण्डीगढ–दिल्लीए  उत्तर प्रदेश र राजस्थानमा आगामी दुई–तीन दिनसम्म धूलोसहित हल्का वर्षाको सम्भावना छ । मध्यप्रदेशए  उत्तर प्रदेशए  झारखण्डए  पञ्जाबए  हरियाणाए  राजस्थान र ओडिशामा आगामी तीनदेखि चार दिनसम्म चर्को गर्मी हुने सम्भावना छ।

****** ० ******

**फिफा विश्वकप छनोट – भारत विरुद्ध कुवेत**

भारतीय फुटबलर सुनिल क्षेत्रीले भोलि कोलकाताको साल्ट लेक स्टेडियममा कुवेतविरुद्धको महत्वपूर्ण फिफा विश्वकप २०२६ छनोटमा अन्तिम पटक राष्ट्रिय टोलीको नेतृत्व गर्ने भएका छन् । क्षेत्रीको सन्यासले उनको उल्लेखनीय १९ वर्षको अन्तर्राष्ट्रिय

करियरको अन्त्य भएको संकेत गरेको छ। भारत चार खेलबाट चार अंकसहित समूह ए मा दोस्रो स्थानमा छ र विश्वकपको आफ्नो आशा जीवित राख्न जित आवश्यक छ। कतार १२ अंकसहित समूहको शीर्ष स्थानमा छ भने अफगानिस्तानको ४ अंक छ। कुवेत तीन अंकसहित अन्त्यमा छ। जितले भारतको छनोटको तेस्रो राउण्डमा पुग्ने स्थिति बलियो बनाउनेछ र एएफसी एसियन कप २०२७ मा स्थान सुरक्षित गर्नेछ। फिफा वरियतामा १२१ औं स्थानमा रहेको भारत कुवेतभन्दा १८ स्थान अगाडि छ।

****** ० ******

**क्रिकेट**

न्युयोर्कको नासाउ काउन्टी इन्टरनेशनल क्रिकेट स्टेडियममा हिजो राति भएको आईसीसी टी–२० विश्वकपको समूह चरणको खेलमा भारतले आयरल्याण्डलाई ८ विकेटले पराजित गरेको छ। पहिले ब्याटिङ गरेको आयरल्यान्ड १६ ओभरमा ९६ रनको कम्ती स्कोरमा आउट भएको थियो जसमा भारतीय बलर हार्दिक पाण्ड्याले ३ तथा जसप्रित बुमराह र अर्शदीप सिंहले २/२ विकेट लिएका थिए। जवाफमा कप्तान रोहित शर्माको ५२ र ऋषभ पन्तको ३६ रनको मद्दतमा भारतले १२ ओभर २ बलमा २ विकेट गुमाएर लक्ष्य सजिलै पुरा गरेको थियो। समूह चरणको अर्को खेलमा भारतले ९ जूनमा पहिलो पाकिस्तानसँग खेल्नेछ र त्यसपछि जुन १२ जूनमा सह आयोजक अमेरिकासँग खेल्ने। भारतले १५ जूनमा खेल्नेछ|

****** ० ******

****** ० ******